

संक्षिप्त नीति विवरण

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५

## गण्डकी प्रदेश

मोनिका रानाभाट

POKHARA
RESEARCH CENTRE

# प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७५
# गण्डकी प्रदेश
# मा
# संक्षिप्त नीति विवरण

मोनिका रानाभाट
पोखरा रिसर्च सेन्टर
२०७९

**लेखकः**
मोनिका रानाभाट
अनुसन्धान अधिकृत
पोखरा रिसर्च सेन्टर

**सहयोगार्थः**
Center for International Private Enterprises (CIPE)

**तस्बीरः**
https://www.facebook.com/pokharaindustrialarea.pokhara/

**प्रकाशक**
**पोखरा रिसर्च सेन्टर**
महाकालेश्वर मार्ग पोखरा ११, कास्की, गण्डकी प्रदेश, नेपाल
फोनः (९७७)-६१-५८७१११
इमेलः centre.pokhara@gmail.com
वेबसाइटः www.pokharacentre.org

© पोखरा रिसर्च सेन्टर

यस प्रकाशनको सम्पुर्ण अधिकार पोखरा रिसर्च सेन्टरमा निहित छ। यस संस्थासँग अनुमति नलिई, यस पुस्तकको कुनै पनि अंश कुनै पनि माध्यम प्रयोग गरी कुनै पनि रुपमा प्रकाशित गर्न, पुनःप्राप्त गर्न सकने पद्दतिमा संग्रह गर्न र वितरण गर्न पाइने छैन। यसको पुनः प्रकाशन वा पुनः प्रयोगको लागि कुनै जानकारी लिनुपर्ने भएमा माथि दिइएको ठेगानामा पोखरा रिसर्च सेन्टरमा सम्पर्क गर्न सकिनेछ। यस पुस्तकलाइ कुनै अन्य कभर वाइण्डिङ्ग हालेर वितरण गर्न पाइने छैन। अन्यको हकमा पनि यहि नियम लागु हुनेछ।

पहिलो संस्करणः अगष्ट, २०२२

मूल्य रु २००/-

# कृतज्ञता

गण्डकी प्रदेशको औद्योगिक व्यबसाय ऐन २०७५ मा अध्ययन गरेर लेखिएको यो नीतिगत संक्षिप्त बिबरण रिसर्च सेन्टरको सम्पूर्ण टिमको असाधारण सहयोग बिना सम्भव थिएन । सर्वप्रथम पोखरा रिसर्च सेन्टरका कार्यकारी निर्देशक सुजन रेग्मी प्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु जसले प्रारम्भिक तथ्याङ्क सङ्कलनदेखि लेखनसम्म मेरो कामलाई ट्र्याकमा राख्न प्रेरणा दिनुभयो ।

अनुसन्धान, मस्यौदा लेखन, र अन्तिम प्रक्रियामा मार्गदर्शनको लागि मेरा अनुसन्धान सल्लाहकार जय भेनिकलाई मेरो गहिरो कृतज्ञता प्रकट गर्दछु । त्यसैगरी सौरभ वाग्लेलाई हार्दिक धन्यवाद दिन चाहन्छु जसले सम्पादकीय सहयोग प्रदान गर्नको लागि आफ्नो बहुमूल्य समय र प्रयास समर्पित गर्नुभयो । अनुसन्धानका विभिन्न चरणहरूमा अन्तर्दृष्टिपूर्ण टिप्पणी र सुझावहरू प्रदान गर्नुहुने सेन्टर फर इन्टरनेशनल प्राईभेट इन्टरप्राइजका बरदा रेग्मी, नोरा व्हीलेहान र आर्या निजातलाई पनि हार्दिक धन्यवाद दिन चाहन्छु ।

मस्यौदा लेखनको चरणमा भएका परामर्श बैठकहरूमा सहभागी भई आफ्नो बहुमुल्य समय दिनुहुने सबै विज्ञहरू, कर्मचारीहरू, विद्वानहरू र अन्य सरोकारवालाहरू प्रती मेरो कदर छ ।

बिशेष गरेर उद्योग मन्त्रालय, अर्थ मन्त्रालय, कृषि मन्त्रालय, पोखरा उद्योग वाणिज्य संघ, नेपाल युवा उद्यमी मञ्च, गण्डकी प्रदेश उद्योग परिसंघ, गण्डकी उद्योग वाणिज्य महासंघ, पोखरा औद्योगिक क्षेत्र उद्योग संघ, साना तथा घरेलु उद्योग महासंघ, गण्डकी प्रदेश, पश्चिमाञ्चल होटल संघ, वाणिज्य उद्योग तथा उपभोक्ता संरक्षण निर्देशनालय, गण्डकी प्रदेश, पोखरा उद्योग वाणिज्य संघबाट प्राप्त उदार सहयोगप्रति कृतज्ञता व्यक्त गर्दछु ।

त्यसै गरि रचनात्मक डिजाइनको लागि बिरुज अधिकारी क्षत्री प्रति आभारी छु ।

# लेखकका बारेमा


मोनिका रानाभाटले आफ्नो बिद्यालय जीवनदेखि नै नेतृत्व र अभियानहरुमा सक्रियताका साथ सहभागी भई आफ्नो सामाजिक यात्रा सुरु गरेकी हुन।  उनी हाल पोखरा रिसर्च सेन्टरमा अनुसन्धान अधिकृतको रुपमा काम गर्छिन।  उनको पोखरा महानगरमा सार्वजनिक शौचालयको अवस्था र त्यसलाई सुधार गर्नका निम्ति आवश्यक सुझाब सहितको अनुसन्धान पत्र प्रकाशित भैसकेको छ।  उनले नेपालको सक्रिय सामाजिक संस्था नेपाल युवा परिषद्को गण्डकी प्रदेशको अध्यक्षको रूपमा नेतृत्व गरिरहेकी छिन् र सन् २०१७ देखि निरन्तर युवाको क्षेत्रमा सक्रिय रूपमा काम गरिरहेकी छिन्। उनले पोखरा विश्वविद्यालयबाट विकास अध्ययनमा स्नातक गरेकी छिन। साथै सन् २०१६ मा समग्र राष्ट्रिय किशोरी सञ्जाल नेपालको अध्यक्षका रूपमा रही नेपालका किशोरीहरूको क्षेत्रमा काम गरिसकेकी छिन् जसका क्रममा उनकै कार्यकालमा सम्माननीय राष्ट्रपतिको कार्यालय शितल निवासमा ‘राष्ट्रपतिसँग बालिका’ नामक कार्यक्रम सफलतापूर्वक आयोजना गरेकी थिइन्। उनी नेपालको विकाश, अध्ययन अनुसन्धान र नीति तथा योजना निर्माणमा आफ्नो विषेशज्ञता हासिल गरेर नेपालको समग्र विकासमा योगदान दिन चाहन्छिन्।

# विषयसूची


| | |
|---|---|
| कृतज्ञता | |
| लेखकका बारेमा | |
| १. विधायी पृष्ठभुमी | १ |
| २. नीतिका प्रमुख विषेशताहरु | ३ |
| ३. मुख्य मुद्दा र विश्लेषण | ४ |
| ४. सन्दर्भ | ५ |
| ५. नीति सुधारका मुद्दाहरुका विस्तृत समिक्षा र सुझावहरु | ६ |
| ५.१ अस्पष्ट दर्ता प्रक्रिया | ६ |
| ५.२ घुम्ती पसल/व्यवसायको दर्ताको प्रावधान नहुन' | ८ |
| ५.३ सरकारको अनावश्यक हस्तक्षेप | ९ |
| ५.४ विद्युतीय माध्यमको प्रयोग | १० |
| ५.५ उद्योथ स्थानन्तरणमा अस्पष्ट प्रावधान | ११ |
| ५.६ संघिय सरकारबाट अनुमती | १२ |
| ५.७ प्रदेश प्राथमिकताका उद्योग | १३ |
| ५.८ जग्गा अधिग्रहणमा कठिनाइ | १५ |
| ५.९ संस्थागत सामाजिक उत्तरदायित्व | १६ |
| ५.१० संघिय सरकारसँथ विरोधाभास | १७ |
| ५.११ महिला तथा पिछडिएका वर्गका उद्यमीलाई प्रोत्साहन गर्ने प्रावधान नहुन' | २० |
| अनुसुची | २१ |
| अनुसुची १ | २१ |
| स्रोत सामाग्री | २३ |

## १. विधायी पृष्ठभुमी

गण्डकी प्रदेशको प्रदेश सभाको स्थापना वि.स.२०७४ मा भएको हो जसमा कुल ६० सिट रहेका छन्। कुल सिटमध्ये ३१ सिट सत्तारुढ दल (गठबन्धन सरकार) को रहेको छ जसमध्य, १५ नेपाली कांग्रेसले, १२ नेकपा माओवादी केन्द्रले, २ राष्ट्रिय जनमोर्चा र २ जनता समाजवादी पार्टी र १ स्वतन्त्र उम्मेदवारले ओगटेका छन्। त्यसैगरी २७ सिट प्रमुख प्रतिपक्षी दल नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले ओगटेको छ भने १ सिट खाली रहेको छ।




गण्डकी प्रदेशको सर्वोच्च कानुन बनाउने निकाय भएकाले गण्डकी प्रदेशसभाको प्रमुख काम कानुन पारित गर्नु हो। नेपालमा संघीयता लागू भएपछि गण्डकी प्रदेशसभाले आफ्नो अधिकारको प्रयोग गरी प्रदेशमा “प्रदेश औद्योगिक व्यवसाय ऐन २०७५” बनाएको छ। प्रदेश औद्योगिक ब्यबसाय ऐन, २०७५ चैत्र २५ गते गण्डकी प्रदेशको राजपत्रमामा अंकित भएको हो । प्रदेश राजपत्रमा प्रकाशित हुनु अघि विधायन समितिको बैठकमा उक्त विधेयकमाथि भएको छलफलको विवरण तलको तालिकामा दिइएको छ।

| क.स. | बैठक नं | मिति | छलफल |
|---|---|---|---|
| १ | ३६ | २०७७ फाल्गुन २३ | प्रदेश औद्योगिक व्यबसाय विधेयकको दफा १ देखि २६ सम्मको छलफल गरी अन्य दफाहरू आगामी बैठकमा छलफल गर्ने निर्णय |
| २ | ३७ | २०७७ फाल्गुन २७ | विधेयकको धारा १२, धारा २४, धारा ३८ र अनुसूची ३ मा छलफल गरी संशोधन गर्ने निर्णय |
| ३ | ३८ | २०७७ फाल्गुन २८ | प्रस्तुत विधेयकसँग सम्बन्धित प्रतिवेदन पारित गरी अर्को बैठकमा पेश गर्ने निर्णय |

स्रोतः (विधायन समितिको वार्षिक प्रतिवेदन, २०७५/७६)

# २. नीतिका प्रमुख विषेशताहरु

गण्डकी प्रदेशले उपलब्ध मानवीय, आर्थिक र प्राकृतिक स्रोतको दिगो उपयोग गरी लगानीमैत्री वातावरण सिर्जना गरी औद्योगिक विकास र उद्यमशीलतामा आधारित उत्पादनशील, प्रतिस्पर्धी र दिगो प्रदेश अर्थतन्त्र निर्माण गर्न प्रदेश औद्योगिक ब्यबसाय ऐन, २०७५ लागू गरेको हो।

गण्डकी प्रदेशको व्यापार तथा उद्योगको परिवेशको सुधारमा महत्वपूर्ण योगदान पुर्याउने उद्देश्यले यस नीतिको संक्षिप्त विवरण प्रदेश औद्योगिक ब्यबसाय ऐनका नीतिगत विषय र सुधारका एजेन्डाहरूमा केन्द्रित छ। ऐनका सकारात्मक पक्षहरूमध्ये उद्योगलाई प्राथमिकतामा राख्ने, विद्युतीय माध्यमको प्रयोग, औद्योगिक प्रवर्द्धन समिति गठन, एकलबिन्दु सेवा केन्द्र स्थापना लगायतका प्रावधान रहेका छन् तथापी, ऐनमा त्यस्ता बिभिन्न प्रावधानहरु छन् जसले प्रदेशको औधोगिक वातावरणलाइ नकारात्मक असर पार्न सक्छन जसले समग्र अर्थतन्त्रलाई असर गर्छ।

# ३. मुख्य मुद्दा र विश्लेषण

यो नीति विवरण गण्डकी प्रदेशको प्रदेश औद्योगिक व्यबसाय ऐन २०७५ का नीतिगत मुद्दाहरू र सुधार एजेन्डाहरूमा केन्द्रित छ जुन प्रदेश औद्योगिक व्यबसाय ऐनको विस्तृत अध्ययन संगै, प्राथमिक र माध्यमिक दुवै अनुसन्धान समेत गरी तयार पारिएको हो। सरकारी तथा निजी क्षेत्रका सरोकारवालासँग परामर्श बैठक आयोजना गरी हाल यो ऐनमा रहेका नीतिगत मुद्दाहरु र तिनका सुधार गर्नुपर्ने पक्षहरुको बारेमा छलफल समेत गरिएको थियो। साथै नीतिगत बाधाहरू पत्ता लगाउन विभिन्न मन्त्रालय, विभाग र निजी क्षेत्रका महासंघ/संघसँग अन्तर्वार्ता पनि गरिएको थियो।

यस अध्ययनबाट जतिपनि मुद्दाहरु पत्ता लागेका छन् ति सबै अनुसन्धान र सरोकारवाला निकायसँगको अन्तर्वार्ता पश्चात पत्ता लागेका हुन्। अध्ययनबाट पत्ता लागेका नीति सुधार गर्नुपर्ने मुद्दाहरु मध्ये बिशेष गरेर उद्योग दर्ता प्रक्रियामा कठिनाइ, बिभिन्न निकायहरु धाउनु पर्ने बाध्यता, सरकारको अनावश्यक हस्तक्षेप, बिद्युतिय प्रणालिको उचित प्रयोग नहुनु, जग्गा अधिग्रहणमा समस्या, महिला उद्यमीहरुलाई प्रोत्साहन हुने किसिमका प्रावधानहरु नहुनु आदि हुन्। सुधार गर्नुपर्ने मुद्दाहरुको पहिचानसँगै यो नीति विवरणले ति नीतिगत मुद्दाहरुलाई सुल्भ्फाउनका निम्ति सम्बन्धित निकायलाई अनुसन्धानमा आधारित, सम्भाव्य नीतिगत सुभ्फाबहरु दिने समेत प्रयास गरेको छ।

नेपालमा संघियता लागु भएपछि प्रदेश सरकारले आफ्नो अधिकारको उपयोग गर्दै बनाएको प्रदेश औद्योगिक व्यबसाय ऐन २०७५ बिभिन्न कारणले प्रयोगमा आउन सकेको छैन जसमध्य यसको नियमावली बन्न नसक्नु पनि एउटा हो। हाल यो ऐन संसोधन हुने क्रममा रहेकोले यसमा भएका नीतिगत समस्याहरुमा अनुसन्धान गरेर सरोकारवाला निकायहरुको सुभ्फाव लिई नीतिगत सुधारका लागि पहल गर्ने मुख्य उदेश्यका साथ यो नीतिगत बिबरण तयार पारिएको हो।

# ४. सन्दर्भ

कुनै पनि राष्ट्रको सामाजिक तथा आर्थिक विकासका लागि औद्योगिक विकास एक पूर्वशर्त हो। औद्योगिक विकास आर्थिक विकासको लागि सबैभन्दा दिगो र भरपर्दो मार्गहरू मध्ये एक हो। हाल नेपाल कम प्रतिव्यक्ति आय भएको औद्योगिक विकासको प्रारम्भिक स्तरबाट गुज्रिरहेको देशको रुपमा चिनिन्छ। विश्व बैङ्कको सन् २०२० को तथ्याङ्क अनुसार नेपालको प्रतिब्यक्ती आय ११५५.१ अमेरीकी डलर रहेको छ। अन्तर्राष्ट्रिय पुँजीवाद, भूमण्डलीकरण, साम्राज्यवाद, क्षेत्रीय व्यापार मञ्च, विश्व व्यापार, छिमेकी मित्र राष्ट्रहरूसँग भएका सन्धि सम्झौता, नेपालभित्रको शक्ति सन्तुलन, नेपालको आर्थिक अवस्था, श्रम परिचालनका समस्या, बजार, नेपाली राजनीतिक दलहरूको धारणा र भूराजनीतिक अवस्था लगायतका विभिन्न कुराहरुले नेपालको औद्योगिकीकरणमा प्रभाव पारेका छन्। यद्यपि, नेपालमा उद्यम र ब्यबसायहरुलाई समर्थन गर्ने महत्वपूर्ण पूर्वाधार र यी कमीहरूलाई सम्बोधन गर्ने ठोस, पारदर्शी नीतिको अभाव छ।

नेपालको औद्योगीकरणको तथ्याङ्कलाई नियाल्ने हो भने, सन् १९८० को दशकको मध्यसम्म नेपालले अर्थतन्त्रमा प्रत्यक्ष सरकारी संलग्नताको सक्रिय औद्योगिक नीतिको पालना गर्‍यो। तर, सन् १९८० को मध्यमा नेपालले संरचनात्मक समायोजन कार्यक्रम (SAPs) लागू गरेर आर्थिक उदारीकरणको सुरुवात गर्‍यो। यी कार्यक्रमहरुले नेपालको अर्थतन्त्रमा सरकारको केन्द्रीय भूमिकालाई निजी क्षेत्रसँग प्रतिस्थापन गरी आर्थिक विकासलाई गति दिने लक्ष्य राखेका थिए। फल स्वरूप, सार्वजनिक क्षेत्रका उद्योगहरूलाई निजीकरण गर्ने प्राथमिक उद्देश्यका साथ सन् १९९२ मा नेपालले औद्योगिक नीति विकास गर्यो जसले औद्योगिक उत्पादनको मूल्य निर्धारणमा सरकारी हस्तक्षेप घटाएर खुला र प्रतिस्पर्धात्मक अर्थतन्त्र निर्माण गर्नुका साथै, उत्पादन र कृषि क्षेत्रबीचको सम्बन्धलाई सुदृढ गर्ने र श्रममूलक, स्थानीय श्रोतमा आधारित, निर्यातमुखी उद्योगहरूको प्रवर्द्धन गर्ने लक्ष्य लिएको थियो।

नेपालमा संघियता लागु भए पश्चात संघीय संसदले वि.स. २०७६ साल माघ २८ गते "मैत्रीपूर्ण र प्रतिस्पर्धी नेपाली औद्योगिक वातावरण सृजना गर्ने, औद्योगिक वस्तु तथा सेवाहरूको उत्पादकत्व वृद्धि गर्ने र देशमा उपलब्ध स्रोत साधनको प्रभावकारी उपयोग गर्ने" उद्देश्यका साथ औद्योगिक ब्यबसाय ऐन वि.स.२०७६ लागु गरेको छ।

वि.स. २०७२ मा नयाँ संबिधान लागु भएसंगै नेपालमा संघीयता कार्यान्वयनमा आयो र संघ, प्रदेश तथा स्थानीय तहमा शक्ति, जिम्मेवारी, क्षेत्राधिकार र स्रोतसाधन हस्तान्तरण र विकेन्द्रीकरण प्रक्रियाको सुरुवात भयो। नेपालको संबिधान २०७२ ले क्षेत्राधिकारलाई तीन तहमा बाँडफाँट गरी संघीय, प्रदेश र स्थानीय तहलाई निरपेक्ष र साझा क्षेत्राधिकारसहित पाँच कार्यतालिकाको ब्यबस्था गरेको छ भने प्रत्येक तहको सरकारको आ-आफ्नै व्यवस्थापिका र कार्यकारिणी अधिकार क्षेत्रहरु छन्। नेपालमा संघीय शासन प्रणालि नयाँ भएकाले औद्योगिक विकासका लागि थुप्रै अवसर र चुनौतीहरू छन्। विशेष गरी, नवगठित प्रदेशहरूका लागि महत्वपूर्ण चुनौतिहरू मध्ये प्रदेशभित्र अवसरहरूको वृद्धि र विश्वसनीय औद्योगिक वातावरण सिर्जना गर्नु हो।

# ५. नीति सुधारका मुद्दाहरुको विस्तृत समिक्षा र सुझावहरु

## ५.१. अस्पष्ट दर्ता प्रक्रिया

| दफा | उपदफा | |
|---|---|---|
| दफा ३ | उपदफा २ | यस ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट प्रचलित कानुन बमोजिम स्थापाना भई संचालनमा रहेका र हाल प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने उद्योग यस ऐन बमोजिम स्वत: दर्ता भएको मानिनेछ । |
| दफा ३ | उपदफा ४ | प्रदेशसरकारले संघ वा स्थानिय तहमा विधिवत दर्ता भएका उद्योगहरुलाई दोहोरो दर्ता गर्नु नपर्ने प्रवन्ध मिलाउनेछ । |
| दफा ५ | उपदफा ५ | यस ऐन बमोजिमको उद्योग स्थापना गर्दा सम्बन्धित स्थानिय तहको सिफारिसका आधारमा गर्नुपर्नेछ । |

दफा ३ को उपदफा २ अन्तर्गत यस ऐन जारी हुनुअघि सञ्चालनमा रहेका र हाल प्रादेशिक क्षेत्राधिकार भित्र पर्ने उद्योगहरु स्वत: दर्ता भएको मानिने उल्लेख छ। त्यसैगरी दफा ३ कै उपदफा ४ मा प्रदेश सरकारले संघीय वा स्थानीय तहमा विधिवत दर्ता भएका उद्योगहरूलाई दोहोरो दर्ताको आवश्यकता नपर्ने कुरा सुनिश्चित गर्ने व्यवस्था गरेको छ भने दफा ५ को उपदफा ५ मा सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा उद्यम स्थापना गर्नुपर्ने उल्लेख छ।

यस्तो प्रावधानले उद्योग दर्ता प्रक्रियालाई सरलीकृत गर्नुको सट्टा अझै जटिल बनाएको छ। प्रदेशमा उद्योग/व्यवसाय दर्ता गर्दा पुन: स्थानीय तहको सिफारिस प्राप्त गर्नुपर्ने प्रावधानले उद्योग/व्यवसाय संचालन गर्न चाहनेहरूलाई “प्रदेशिक निकायमा दर्ता गर्दा के फाइदा हुन्छ ? प्रदेश मातहतको निकायले दर्ता गर्ने भएपछी पुन: स्थानीय तहबाट सिफारिस प्राप्त गरेर प्रक्रियालाइ किन जटिल बनाउने?“ भन्ने प्रश्न सोध्न बाध्य पार्छ।

**सुझावहरू**

उद्यमी/व्यबसायीहरू झन्झटिलो दर्ता प्रक्रिया, बिभिन्न निकायको अनुमति र तिन तहको सरकारलाई बुझाउनु पर्ने फरक करको बढ्दो असुविधाबाट निराश छन्। त्यसैले उद्यमी/व्यवसायीलाई सहज बनाउन र नयाँ लगानीकर्तालाई आकर्षित गर्न सरकारले दर्ता प्रक्रियामा ‘एक द्वार नीति’ अपनाउनु जरुरि छ। दर्ता गर्ने निकायले उद्यम/व्यवसायको दर्ताको निम्ति लाग्ने अवधि, शुल्क र आवश्यक कागजातहरू सहित सबै नागरिकहरूलाई पहुँचयोग्य, पूर्ण र स्पष्ट जानकारी प्रदान गर्नु जरुरि छ। प्रादेशिक तहमा दर्ता र अनुगमन एउटै मात्र निकायले गर्ने व्यवस्था हुनु जरुरि छ जसले उद्योग/व्यवसाय गर्ने हरुलाई बिभिन्न निकाय चहारेर समय खेर फाल्नबाट बचाऊछ भने तथ्यांकमा एकरुपता ल्याउन समेत सहयोग गर्छ।

सरकारी निकायहरूले समय र खर्च बचत गर्दै नागरिकहरूलाई एउटै स्थानबाट सबै आवश्यक कामहरू पूरा गर्न सक्ने खालको सक्षम प्रणाली निर्माण गर्नु आवश्यक छ । स्थानीय सरकारको सिफारिस प्राप्त गर्ने प्रक्रिया जटिल र समय खर्च हुने खालको देखिएकोले वातावरण र छर-छिमेकमा हानि नपुग्ने उद्योगलाई यस्तो सिफारिस आवश्यक बनाउनु जरुरि छैन । हालसम्म गण्डकी प्रदेशमा कम्पनी रजिष्ट्रारको कार्यालय नभएकाले नागरिकहरु कम्पनी दर्ताका लागि काठमाडौं जानुपर्ने बाध्यता छ । त्यसैले कम्पनी दर्ता प्रक्रियालाई सहज बनाउन कम्पनी रजिष्ट्रारको कार्यालयले प्रदेशमा आफ्नो विभाग खोल्नु अत्यन्तै आवश्यक छ ।

## ५.२. घुम्ती पसल/ब्यबसायको दर्ताको प्रावधान नहुनु

| दफा | उपदफा | |
|---|---|---|
| दफा ३ | उपदफा १ | ऐनमा व्यवस्था गरिएको दर्ता प्रक्रिया अपनाई उद्यम दर्ता गर्नुपर्ने । |

दफा ३ को उपदफा १ मा यस ऐनमा व्यवस्था गरिएको दर्ता प्रक्रिया अनुसारनै उद्योग/ब्यबसाय दर्ता हुनुपर्ने उल्लेख गरेको छ जसमा औपचारिक रूपमा उद्यम दर्ता गर्न इच्छुक आवेदकहरूले उद्योग/ब्यबसायको निश्चित ठेगाना उपलब्ध गराउनुपर्ने प्रावधान छ । यद्यपि, आजको प्राविधिक रूपमा उन्नत संसारमा बिभिन्न खालका नयाँ प्रकृतिका घुम्ती व्यवसायहरु जसलाई स्थायी ठेगानाको आवश्यकता पर्दैन त्यस्ता घुम्ती उद्योग/व्यवसायहरु पनि सम्भव छन भन्ने कुरालाई यो ऐनले नजरअन्दाज गरेको देखिन्छ । उदाहरणका लागि, धेरै सूचना प्रविधि सँग सम्बन्धित कम्पनीहरू, क्याफेहरू, खाना ट्रकहरू, किराना गाडीहरू, तरकारी ठेलाहरु, ट्र्याक्टर मिल लगायतका ब्यबसयाहरु जुन एकठाँउमा मात्र सिमित रहेर संचालन गर्न जरुरि छैनन् वा तिनीहरुलाइ सिमित ठेगाना वा कार्यालय बिना पनि सञ्चालन गरेर प्रदेशको अर्थतन्त्रमा योगदान पुर्याउन सकिन्छ । त्यस्ता घुम्ती उद्यम/ब्यबसायहरूले स्थानको सीमितता बिना नै विभिन्न प्रकारका व्यापार सेवाहरू प्रदान गर्न सक्छन्, जसले गर्दा उपभोक्ताहरूले अझ बढी सुविधा प्राप्त गर्दछन् । वास्तवमा, पछिल्लो समय नेपालको ग्रामीण क्षेत्रहरूमा यस्ता व्यवसायहरु बढ्दै गएका छन्, जहाँ ट्याक्टरमा चल्ने मिल सेवाहरूले किसानहरूको आयआर्जनमा टेवा पुर्याउनुका साथै सेवा प्रवाहमा पनि क्रान्तिकारी परिवर्तन ल्याइरहेका छन् ।

घुम्ती उद्योग/ब्यबसायहरूको अनिवार्य स्थायी ठेगानाको प्रावधानले यिनीहरुको दर्ता प्रक्रियालाई अवरोध पुर्याउनुका साथै यस्ता कठोर प्रावधानहरूले घुम्ती उद्योग/ब्यबसायहरुलाई औपचारिक रूपमा दर्ता हुन अस्वीकार गरेर उनिहरुको समग्र अर्थतन्त्रमा योगदान गर्ने क्षमतालाई सीमित गर्दछ । यसबाहेक, यस्तो दर्ता मापदण्डको कठोरताले आर्थिक रूपमा कमजोर समूहहरूलाई उद्यमशीलता मार्फत आफूलाई उत्थान गर्ने राष्ट्रिय लक्ष्यलाई चुनौती दिन्छ, किनकि कम पूँजी भएका घुम्ती उद्योग/व्यवसायहरू सामान्यतया आर्थिक रुपमा कमजोर समूहहरुका उद्यमीहरूको व्यापार आकांक्षाको रूपमा हेरिन्छ ।

**सुझावहरु**

प्रविधिमा आधारित उद्योग र व्यवसायको परिवर्तनशील प्रकृतिलाई ध्यानमा राखी ऐन संसोधन गर्नु नै यस समस्याको मुख्य समाधान हो । सडकमासमान बिक्रि गर्ने विक्रेताहरू, खाद्य ट्रकहरू, ठेला व्यापारीहरू, र सूचना प्रविधि सम्बन्धी कम्पनीहरूलाई स्थायी कार्यालय आवश्यक नपर्ने प्रावधानहरूले अधिक मानिसहरूलाई औपचारिक अर्थतन्त्रमा समावेश गर्न मद्दत गर्न सक्छ । यो संसोधन बिशेष गरेर घरेलु तथा साना उद्योग विभागबाट सुरु गर्नु जरुरि देखिन्छ किन कि यस्ता प्रकृतिका उद्योग/व्यवसायहरु ठूला उद्योगभन्दा साना उद्योगमा बढी सान्दर्भिक हुने गर्दछन ।

## ५.३. सरकारको अनावश्यक हस्तक्षेप

| दफा | उपदफा | |
|---|---|---|
| दफा ७ | उपदफा १, २ | मन्त्रालयले उद्योगको प्रकृति र लगानीको आकारका आधारमा उद्योग स्थापना भई व्यवसायिक उत्पादन वा कारोवार प्रारम्भ गर्नकालागि लाग्ने अवधि सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी जारी गर्नेछ र उक्त मापदण्ड बमोजिम तयार भएका उद्योगका हकमा त्यस्तो उद्योगले मापदण्डमा तोकिएको अवधिभित्रउद्योगको व्यबसायिक उत्पादन वा कारोवार प्रारम्भ गरी सोको लिखित जानकारी उद्योग दर्ता गर्ने निकायलाई गराउनु पर्नेछ । |

ऐनको दफा ७ को उपदफा १ र २ बमोजिम उद्योग स्थापना र व्यावसायिक उत्पादन सुरु गर्न आवश्यक पर्ने समयावधिका लागि आवश्यक मापदण्ड तयार गरी जारी गर्ने जिम्मेवारी प्रदेशको उद्योग मन्त्रालयको रहेको छ जुन मापदण्ड उद्योगको प्रकृति र लगानीको आकारमा आधारित रहेर बनाइन्छ।

उद्योगले तोकिएको अवधिभित्र व्यावसायिक उत्पादन सुरु गरी सम्बन्धित विभागलाई लिखित सूचना दिनु पर्ने प्रावधानले उद्योग सञ्चालन गर्न खोज्नेहरूलाई आकर्षण गर्नुको सट्टा रोक्न सक्छ, किनकि यसले उनीहरुलाई बोझ थप्ने मात्र नभई, अनावश्यक रूपमा हुने सरकारी हस्तक्षेपलाई पनि बढावा दिन्छ। साथै उद्योगको उत्पादन सुरु गरेको लिखित सूचना दिन अनिवार्य गर्ने प्रावधानले सरकारको उद्यमी/व्यवसायी समुदाय प्रतिको विश्वासको कमीलाई समेत संकेत गर्दछ । सार्वजनिक र निजी क्षेत्रको सहकार्यबाट मात्र आर्थिक समृद्धि सम्भब छ तर यस्तो प्रावधानले सार्वजनिक र निजी क्षेत्रबीचको सम्बन्धमा अस्वस्थता ल्याई आर्थिक समृद्धिमा बाधा पुर्‍याउछ।

**सुझावहरु**

सरकारले व्यवसायिक वातावरणको संरक्षकको रुपमा रही सार्वजनिक र निजी क्षेत्रबीच आपसी विश्वास निर्माण गर्ने नीतिहरू अवलम्बन गर्नु जरुरि छ । साथै सरकारले उद्यम/व्यवसायहरूलाई स्वतन्त्र रूपमा सञ्चालन गर्न नदिई हस्तक्षेप गर्ने प्रयास गर्दा, उद्योगहरूको प्रभावकारिता घट्ने सम्भावना हुन्छ । तसर्थ, सरकारले आफ्नो भूमिका उद्योगहरूको नियमन र अनुगमनमा सीमित गर्नु आवश्यक छ। यस विशेष व्यवस्थाको सन्दर्भमा सरकारले लिखित सूचना माग्नुको सट्टा व्यवसाय वा उद्योगको उत्पादन वा सेवा सुरु हुने मिति सुरुमै तोकी व्यवसाय संचालन गर्नदिनु उपयु हुन्छ।

## ५.४. विद्युतीय माध्यमको प्रयोग

| दफा | उपदफा | |
|---|---|---|
| दफा ८ | उपदफा १ | उद्योगको दर्ता, प्रशासन, नियमन, निर्देशन तथा स्वीकृति सम्बन्धि निवेदन लगाएत अन्य कागजातहरु विद्युतिय माध्यमबाट समेत आदानप्रदान गर्न सकिन्छ । |

ऐनको दफा ८ को उप-दफा १ ले उद्योग दर्ता, प्रशासन, नियमन, निर्देशन, र स्वीकृति सम्बन्धि निवेदन जस्ता महत्वपूर्ण कागजातहरूलाई बिद्युतिय रूपमा  आदानप्रदान गर्नसक्ने व्यवस्था गरेको छ जुन यो ऐनमा भएका प्रावधानहरु मध्यको राम्रो प्रावधान हो । तर, कागजातहरू विद्युतीय रूपमा आदानप्रदान भए पनि दर्तागर्ने कार्यालयमा भौतिक रूपमा उपस्थित नभई उद्योग दर्ता हुन नसक्ने अवस्था भएकाले विद्युतीय माध्यमबाट कागजातको प्रयोगको प्रावधानको सहि ढंगबाट प्रयोग भइरहेको छैन। दर्ताको समयमा हुने झन्झटिला र धेरै समय खपत हुने कागजी कार्यहरुका कारण धेरै ब्यबसायहरु आज पनि दर्ता बिना संचालन भैरहेका छन् जसले गर्दा त्यस्ता उद्योग ब्यबसयाहरु औपचारिक अर्थतन्त्रमा योगदान पुऱ्याउनबाट बन्चित छन्।

यसबाहेक, बिचौलियाहरूले व्यापार वा उद्योग सुरु गर्न के आवश्यक छ भन्ने स्पष्टताको अभावबाट लाभ उठाइरहेको देख्न सकिन्छ। दर्ता प्रक्रियाको क्रममा बिचौलियाहरु मार्फत थप बाधा र अतिरिक्त शुल्कको डरले अधिकांश मानिसहरू दर्ताको झन्झटबाट चिन्तित हुन चाहँदैनन्। यसको मतलब दर्ता प्रक्रिया जति झन्झटिलो र असुविधाजनक हुन्छ, त्यति नै कम संख्यामा उद्योग र व्यवसायहरू दर्ता हुन आउछन। त्यसकारण उद्योग/ब्यबसाय मैत्री बाताबरण सृजना गर्नमा बिभिन्न मध्यमहरुको प्रयोग गरी छिटो र छरितो दर्ता प्रक्रियाको व्यवस्था गर्नुले पनि ठुलो भूमिका खेल्छ।

**सुझावहरु**

अहिलेको समयमा अनलाइन दर्ता प्रणालीका पर्याप्त लाभहरू छन्। पहिलो, यसले दर्ता गर्ने निकाय र दर्ता गर्न आउने मानिसहरू दुवैको समय बचत गर्छ। दोस्रो, यसले तथ्यांकलाई केन्द्रीकृत गर्छ र सरकारी निकायको सार्वजनिक सेवा प्रवाह क्षमतामा सुधार गर्छ। तेस्रो, यसले अनावश्यक कागजी बाधाहरूलाई पनि कम गर्न सक्छ। अन्तमा, अनलाइन दर्ता प्रणालीले व्यवसाय र उद्योगहरूको प्रवेशमा रहेका अवरोधहरू कम गर्छ, प्रवेश प्रक्रियालाई सजिलो बनाउँछ  र समग्रमा धेरै भन्दा धेरै उद्यम/ब्यबसायहरूको वृद्धिलाई प्रोत्साहन गर्न सक्छ। भरपर्दो अनलाइन दर्ता प्रणालीमा, कागजातहरू बिद्युतिय रूपमा मात्र आदानप्रदान मात्र नभई कागजातहरूमा बिद्युतिय हस्ताक्षरहरू मार्फत प्रमाणीकरण पनि गरी सम्पुर्ण दर्ता प्रक्रिया बिद्युतिय मध्यमबाट गर्न सकिएमा मात्र हाल व्यवस्था गरिएको यो प्रावधान प्रभावकारी हुनसक्छ।

## ५.५. उद्योग स्थानान्तरणमा अस्पष्ट प्रावधान

| दफा | उपदफा | |
|---|---|---|
| दफा १० | उपदफा १ | प्रदेशको कुनै एक ठाँउमा संचालन गर्नेगरी दर्ता भएको उद्योग कुनै कारणले प्रदेश भित्र वा बाहिर स्थानान्तरण गर्नुपर्ने भएमा त्यस्ता उद्योगले सोको लिखित जानकारी उद्योग दर्ता गर्ने निकायलाई दिनु पर्ने छ । |
| दफा १० | उपदफा ३ | रुग्ण उद्योगहरु स्थानान्तरण गर्न पाइने छैन । |

दफा १० को उपदफा १ मा एक प्रदेशमा सञ्चालनका लागि दर्ता भएका उद्योगहरूले विभिन्न कारणले प्रदेश भित्र वा बाहिर स्थानान्तरण गर्दा दर्ता गर्ने निकायलाई लिखित सूचना दिनुपर्ने उल्लेख छ भने दफा ३ मा रुग्ण उद्योगहरु स्थानान्तरण गर्न नपाइने उल्लेख छ। यस व्यवस्थामा उद्योग स्थनन्तरणमा संघीय सरकारको भूमिकाको उल्लेख छैन। तसर्थ, दुई तहको सरकारको भूमिकामा स्पष्टताको अभावले प्रदेश र संघीय सरकारबीच द्वन्द्व निम्त्याउन सक्छ।

**सुझावहरु**

उद्योग स्थानान्तरणका सम्बन्धमा प्रदेश र संघीय सरकारले विभागीय जिम्मेवारीमा समन्वय गर्नुपर्छ । दुइ तहका सरकारहरु बीचको समन्वयले उद्योगहरु स्थानान्तरण गर्दा अनावश्यक रुपमा गर्नु पर्ने वातावरणीय प्रभाव मूल्याङ्कन, प्रारम्भिक वातावरणीय परीक्षा, र कर क्लियरेन्स जस्ता अन्य बिभिन्न कुराहरुलाई दोहोरिन बाट रोक्न सक्छ। ऐनमा उद्योगहरुको स्थानान्तरणका सम्बन्धमा राखिएको प्रावधान अधुरो छ किन कि रुग्ण उद्योगको हकमा उद्योग स्थानान्तरण गर्ने सम्बन्धमा स्पष्टता छैन । व्यवसायिक उत्पादन वा व्यवसाय प्रारम्भ भएको मितिले कम्तीमा पाँच वर्षदेखि सञ्चालनमा आएको र अपरिहार्य परिस्थितिमा लगातार तीन वर्षदेखि संयुक्त क्षमताको ३० प्रतिशत वा सोभन्दा कममा सञ्चालन भएको उद्योगलाई रुग्ण उद्योग भनिन्छ। ऐन को दफा १० कै उपदफा ३ मा रुग्ण उद्योगहरु स्थानान्तरण गर्न नपाइने उल्लेख छ तर बिभिन्न करणले गर्दा एउटा प्रदेशमा रुग्ण अवस्थामा पुगेको उद्योग अर्को स्थान मा श्रोतको राम्रो उपलब्धता, कच्चा पदार्थ, श्रम र बजार पहुँच जस्ता कुराहरुका कारण सजिलै संचालन हुन सक्छ भने त्यस्तो अवस्थामा उद्योगहरू सजिलै स्थानान्तरण गर्न सक्ने प्रावधान हुनु जरुरि छ।

## ५.६.संघिय सरकारबाट अनुमती

| दफा | उपदफा | |
|---|---|---|
| दफा १५ | उपदफा २ | संघिय कानुन बमोजिम नेपाल सरकारको अनुमति लिनुपर्ने जुनसुकै प्रकारका उद्योगहरुको दर्ता, प्रशासन तथा नियमन लगायतका कार्य संघिय कानुन अनुसार नै हुनेछ । |

दफा १५, उपदफा २ ले संघीय सरकारको अनुमति लिनुपर्ने कुनै पनि प्रकारको उद्योगको दर्ता, प्रशासन र नियमन संघीय कानून बमोजिम हुने उल्लेख गरेको छ। मुलुकभरका समस्या, माग र आवश्यक परिवर्तनलाई बुझ्न नेपालको एकात्मक शासन प्रणालि अन्तर्गतको केन्द्रिय सरकारको असक्षमतालाई सम्बोधन गर्न नेपालमा संघीयता लागू भयो र तिन तहका सरकारहरु बने। सङ्घीयताको मुख्य उपादेयिता भनेको सशक्त, सक्रिय र सक्षम प्रदेशिक र स्थानीय सरकारहरू बनाउनु हो जसले नेपाली नागरिकहरुका वास्तविक समस्याहरू पहिचान गरी समाधान सहजै गर्न सकुन । प्रदेश तहको सरकारलाई शक्तिको वितरण गर्नाले प्रभावकारी प्रणाली सिर्जना गर्न टेवा पुग्छ, किनकि प्रदेश सरकारसँग भएका अधिकार हरुको प्रयोग गरी आफ्नै अधिकारक्षेत्रमा राम्रोसँग काम गर्न र समस्याहरूको समाधान गर्न सक्षम हुन्छ । नेपालको संघियता सहयोग, सह-अस्तित्व, समन्वयमा आधारित भएकाले संघ, प्रदेश र स्थानीय तह बीच सन्तुलन अत्यन्तै आवश्यक छ।

**सुझावहरु**

नेपालको संबिधानको अनुसूची ५ अन्तर्गत संघको एकल क्षेत्राधिकार भित्र पर्ने क्षेत्रसँग सम्बन्धित उद्योगहरुको दर्ता र नियमनका निम्ति संघ कै मातहतमा रहेको कार्यालय प्रदेशको उद्योग दर्ता गर्ने कार्यालय भित्र स्थापना गर्दा उद्योग संचालन गर्न चाहनेहरु संघको अनुमाही लिन पुन: संघिय राजधानी जानुपर्ने झन्झट कम हुन सक्छ।  तसर्थ, संघीय सरकारको अनुमति दिने कार्यालय प्रदेशको दर्ता गर्ने निकायमा राख्नाले प्रदेश र संघ बिचको सहकार्यलाई अझै बलियो बन्न सक्छ भने अनुमति लिनुपर्ने उद्योगहरूको दर्ता प्रक्रियालाई सरल बनाउँछ।

## ५.७. प्रदेश प्राथमिकताका उद्योग

| दफा | उपदफा | |
|---|---|---|
| दफा १७ | उपदफा १ | निम्न नौ प्रकारका उद्योगहरूलाई प्रादेशिक प्राथमिकताका रूपमा पहिचान गर्दछ ।<br>१. ऊर्जामुलक उद्योग,<br>२. होटल र रेस्टुरेन्ट,<br>३. पर्यटन सम्बन्धि उद्योग,<br>४. कृषि र वन उत्पादनमा आधारित उद्योग,<br>५. निर्यातमुखी उद्योग,<br>६. निर्माण उद्योग,<br>७. खानी तथा खानीमा आधारित उद्योग,<br>८. सिमेन्ट, कागज, चिनी, मल, मेसिनरी, विद्युतीय सवारी साधन, प्रदुषण घटाउने उपकरणको उत्पादन आदि सम्बन्धी उद्योग<br>९. दुर्गम र अविकसित क्षेत्रमा अस्पताल, नर्सिङ होम, भेटेरिनरी क्लिनिक र शिक्षा तथा तालिम संस्थानहरू स्थापना गर्ने उद्योग |

यस ऐनको दफा १७ को उपदफा १ ले माथिको तालिकामा उल्लेख भए बमोजिम ९ विभिन्न प्रकारका उद्योगहरूलाई प्राथमिकतामा राखी 'प्रादेशिक प्राथमिकताका उद्योगहरू' घोषणा गरेको छ। प्रदेशभित्र रहेको जनशक्तिको अधिकतम उपयोग गरी समग्र प्रदेशको विकास गर्दै समग्र अर्थतन्त्रमा टेवा पुऱ्याउने उद्देश्यले यस्ता उद्योगहरूलाई प्रादेशिक प्राथमिकता राखिएको यो कदम प्रसंशायोग्य छ।

तर यी उद्योगहरूको विकास र वृद्धिलाई प्रोत्साहन गर्ने कुनै व्यवस्था ऐनमा गरिएको छैन । यी उद्योगहरूलाई प्राथमिकतामा राख्नुको आधार के हो भन्ने पनि स्पष्ट छैन। नेपालमा धेरै जस्तो उद्योग/व्यबसायहरुले सबै नियम पालना गरी समयमै सरकारलाई कर बुझाएपछि पनि सुरक्षाको प्रत्याभूति गर्नबाट बन्चित रहेको गुनासो गरेको पाईन्छ । प्रदेशको प्राथमिकतामै राखेतापनी यस्ता उद्योगहरूले पूर्वाधारको अभाव, दक्ष श्रम र कच्चा पदार्थ आदि विभिन्न समस्याहरूको सामना गरिरहेका छन्। औद्योगिकीकरणका लागि दक्ष जनशक्ति र यातायात, उर्जा र सञ्चार प्रणाली जस्ता पूर्वाधार हरु अत्यावश्यक छन। जब यी पूर्वाधारहरू राम्रोसँग निर्माण हुन्छन्, तबमात्र औद्योगिकीकरणले गति लिन थाल्छ। तर, नेपालमा त्यस्ता पूर्वाधारको अभाव छ उदाहरणका लागि, कृषि र वनको कच्चा पदार्थ आपूर्ति गर्ने सम्भावना भएका धेरै ठाउँहरू यातायातद्वारा जोडिएका छैनन् । नेपालको बिजुली र आपूर्तिको अवस्था अत्यन्तै कमजोर छ । यसबाहेक, नेपाली कामदारहरू कारखानाको काममा प्राविधिक रूपमा दक्ष छैनन । त्यसकारण उद्योगहरुलाई प्राथमिकतामा राख्नुको साथसाथै उत्पादकत्व बढाउने उद्योगको संरक्षण सम्बन्धि नीति लिन सकेमा मात्र प्रदेशको आर्थिक विकासमा टेवा पुग्न सक्छ।

**सुझावहरु**

प्रदेश सरकारले प्राथमिकतामा परेका उद्योगहरूलाइ सहयोग गर्न र उत्पादकत्व वृद्धि गर्नका निम्ति नेपाल राष्ट्र बैंकसँगको सहकार्यमा सहुलियतपूर्ण ऋण, अनुदान र इनाम जस्ता प्रोत्साहनहरू उपलब्ध गराउन सक्छ। सहुलियत ऋण भन्नाले दीर्घकालीन र कम ब्याजमा दिईने ऋण हो । अनुदानहरू आर्थिक सहायता हुन्, प्रायः एक पटकको एकमुस्ट

रकम, जुन सरकारले उद्योगहरूको लागतहरूलाइ बेहोर्नका लागि उद्यमीहरूलाई दिन्छ। इनामहरू भन्नाले उद्योगलाई प्रदान गरिएको आर्थिक सहयोग हो जसले उक्त उद्योगलाई देशका अन्य उद्योगहरुसँग साथै कुनै पनि विदेशी उद्योगसँग प्रतिस्पर्धा गर्न सहयोग गर्छ। प्रदेश सरकारले प्रादेशिक प्राथमिकताका उद्योगहरूलाई विद्युतको उपलब्धता, सहुलियतपूर्ण वित्त, पूँजीगत लगानी अनुदान, यातायात अनुदान जस्ता प्रोत्साहनहरू पनि उपलब्ध गराउन सकेमा उद्योग व्यवसायले हाल खेपिरहेको अवरोध हटाउन र उद्यमशीलता प्रवर्द्धन गर्न मद्दत गर्नेछ।

## ५.८. जग्गा अधिग्रहणमा कठिनाइ

| दफा | उपदफा | |
|---|---|---|
| दफा २० | | उद्यमीले उद्योगका लागि आवश्यक जग्गा आफैले खरिद गर्न वा लिजमा लिन सक्छ र उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद वा लिजमा उपलब्ध गराईदिने सम्बन्धमा आवश्यक समन्वय र सहजीकरण गर्न सक्नेछ । |

यस ऐनको दफा २० मा उद्योगका लागि आवश्यक पर्ने जग्गा व्यवसायीले प्रचलित कानून बमोजिम खरिद वा भाडामा लिन सक्ने र जग्गा खरिद वा भाडामा लिनको लागि उद्योग दर्ता निकायले समन्वय र सहजीकरण गर्न मद्दत गर्न सक्ने उल्लेख छ । नेपालमा उद्योग/व्यवसायको लागि आवश्यक पर्ने पहिलो चरण, जग्गा अधिग्रहण हो जुन नेपाली उद्यमहरूका लागि निकै संघर्षपुर्ण छ। जग्गाको भाउ महँगो भएकाले साना ब्यबसायका लागि आवश्यक पर्ने थोरै जग्गा किन्नका निम्ति पनि करोडौं रुपैयाँ खर्च हुन्छ जुन लगानीकर्तालाई ठुलो आर्थिक बोझ हुने भएकाले व्यवसायीहरूलाई जग्गा किन्न निकै गाह्रो छ। सार्वजनिक जग्गा प्राप्तिको प्रक्रिया पनि जटिल र धेरै समय खर्च हुने भएका कारण निकै कठिन छ। कुनै उद्यमीले सरकारी जग्गा भाडामा लिन सफल भए पनि सो जग्गामा आफूले विकास गरेको संरचना लाई ऋृण लिन धितोको रूपमा बैंकमा राख्न पाईँदैन। प्रदेश स्थरमा हालसम्म एउटा पनि औधोगिक क्षेत्र छैनन्। प्रादेशिक सरकारको मातहतमा कुनै पनि जग्गा छैनः सबै सार्वजनिक जग्गा या त स्थानीय वा संघीय सरकारको अधिकारक्षेत्रमा भएको करण ले पनि जग्गा अधिग्रहण मा प्रदेशको उद्योग दर्ता गर्ने निकायले कुनै भूमिका खेल्न सक्ने अवस्था छैन। यद्यपी जग्गा प्राप्ति ऐन २०३४ को दफा ३क मा "प्रदेश वा स्थानीय तहको लागि जग्गा उपलब्ध गराइदिनु पर्नेः प्रदेश वा स्थानीय तहद्वारा सञ्चालन गरिने परियोजनाको लागि जग्गा आवश्यक पर्ने भएमा सम्बन्धित प्रदेश वा स्थानीय तहले यस ऐन बमोजिमको मुआब्जा र अन्य सबै खर्च व्यहोर्ने गरी कुनै जग्गा प्राप्त गराई दिन नेपाल सरकार समक्ष अनुरोध गरेमा नेपाल सरकारले त्यस्तो जग्गा प्रदेश वा स्थानीय तहलाई जग्गा प्राप्त गराई दिने गरी निर्णय गर्न सक्नेछ।" भन्ने ब्यबस्था गरेको छ जसलाई प्रयोग गरेर प्रदेशले उद्योग तथा ब्यबसायहरुका जग्गा अधिग्रहण सहज बनाउन सक्छ।

**सुझाबहरु**

नेपालको औद्योगिक विकाशका लागि उद्योग लाइ आवश्यक पर्ने जग्गा अधिग्रहण प्रक्रिया सरल र सहज हुनु जरुरी छ। अहिलेको परिप्रेक्ष्यमा संघीय, प्रादेशिक र स्थानीय कानुनले घेरिएको नेपालको भूमि एउटा जटिल विषय बनेको छ। व्यवसाय सुरु गर्ने सुविधा चाहे स्वदेशी होस् वा अन्तर्राष्ट्रिय, जग्गा र ठाउँको उपलब्धतामा भर पर्छ। सरकारको उद्योग दर्ता गर्ने निकायले जग्गा खरिद प्रक्रियालाई पारदर्शी बनाउने र जग्गा बेच्नेलाई उचित मुआब्जा पाएको छ कि छैन भन्ने कुरामा पनि ध्यान दिनु जरुरि छ। त्यसका साथै प्रदेशले छिटो भन्दा छिटो औद्योगिक क्षेत्रको स्थापना गर्नु अत्यावश्यक छ। हरेक स्थानीय तहमा मालपोत कार्यालयको शाखा स्थापना गरि उद्योग दर्ता गर्ने निकाय र उक्त मालपोत कार्यालयहरु बीच समन्वय हुन सकेमा पनि जग्गा अधिग्रहणको प्रक्रिया केहि सहज हुन सक्छ।

## ५.९.संस्थागत सामाजिक उत्तरदायित्व

| दफा | उपदफा | |
|---|---|---|
| दफा ३१ | | मझौला तथा ठूला उद्योगले बार्षिक मुनाफाको कम्तीमा १ प्रतिशतको दरले प्रत्येक वर्ष संस्थागत सामाजिक उत्तरदायित्व को रूपमा खर्च गर्नुपर्ने उल्लेख गरेको छ। |

यस ऐनको दफा ३१ ले मझौला वा ठूला उद्योगहरूलाई वित्तीय वर्षको कुल वार्षिक नाफाको कम्तीमा १ प्रतिशत ब्यबसायिक सामाजिक उत्तरदायित्वको रुपमा छुट्याउनुपर्ने उल्लेख गरेको छ र उक्त रकम वार्षिक योजना तथा कार्यक्रम बनाई तोकिए बमोजिमको क्षेत्रमा खर्च गर्नुपर्ने भनिएको छ। तर ऐनमा ब्यबसायिक सामाजिक जिम्मेवारी अन्तर्गतको रकम खर्च भए नभएको र तोकिएकै क्षेत्रमा खर्च भए नभएको कुन निकाएले कसरि अनुगमन गर्ने भन्ने बारे कुनै पनि कुरा उल्लेख गरिएको छैन। साथै उक्त जिम्मेवारी वहन नगर्दा हुने सजायको बारेमा पनि कतै उल्लेख छै। तसर्थ स्पष्ट नियमावलीको अभावमा कुन-कुन उद्योगले कुन कुन क्षेत्रमा पैसा खर्च गरिरहेका छन् र कसरी खर्च भइरहेको छ भन्ने कुरा थाहा को तथ्यांक राख्न सकेको छैन जसले गर्दा यो प्रावधान त्यति धेरै उपयोगी देखिँदैन।

व्यवसायहरू समाजबाटै बिकसित हुन्छन् र उनीहरूका लागि समाज धेरै महत्वपूर्ण हुन्छ, त्यसैले समाजको हितमा काम गर्नु उनीहरूको दायित्व हो। रोजगारी सिर्जना गर्ने , कर तिर्ने, र ब्यबसायिक सामाजिक जिम्मेवारी जस्ता विभिन्न तरिकामा उद्योगहरुले समाजको सामाजिक-आर्थिक विकासमा महत्वपूर्ण योगदान दिन सक्छन। यसबाहेक, ब्यबसायिक सामाजिक जिम्मेवारीले उद्योगहरूको सफलतामा महत्वपूर्ण भूमिका खेल्छ किनकि यसले उनीहरूलाई बलियो ब्रान्ड स्थापना गर्न, बजार साझेदारी र बिक्री वृद्धि गर्न, कर्मचारीहरूलाई आकर्षित गर्न उद्योगमै उनीहरुलाई रोकेर राख्ने क्षमता बढाउन मद्दत गर्दछ।

**सुझावहरु**

कुनै पनि उद्योगले ब्यबसायिक सामाजिक जिम्मेवारी वहन गरे नगरेको अनुगमन गर्ने प्रणाली वा निकाय को व्यवस्था नहुनाले उद्योगहरुले सजिलै यस जिम्मेवारीबाट जोगिन सक्छन जसले गर्दा ऐनमा भएको यो प्रावधान को कुनै औचित्य हुदैन। तसर्थ, उद्योगहरूले ब्यबसायिक सामाजिक जिम्मेवारी कोष कसरी खर्च गरिरहेका छन् र यसले कसरी सामुदायिक विकासलाई सहज बनाउँदैछ भनेर दर्ता गर्ने निकायले निगरानी गर्न जरुरि छ। साथै सरकारले ब्यबसायिक सामाजिक जिम्मेवारी अन्तर्गतको रकम सहि स्थानमा खर्च भएको अनुगमन गर्न सक्षम, प्रभावकारी, बलियो र पारदर्शी अनुगमन संयन्त्रको विकास गर्नु आवश्यक छ। प्रदेशको क्षेत्राधिकार भित्र पर्ने उद्योग दर्ता र नियमन गर्ने जिम्मेवारी प्रदेश सरकारको भएकोले गण्डकी प्रदेशको हकमा उद्योग मन्त्रालय अन्तर्गतको उद्योग, वाणिज्य तथा उपभोक्ता संरक्षण निर्देशनालयले उद्योगहरूले ब्यबसायिक सामाजिक जिम्मेवारी अन्तर्गतको रकम प्रभावकारी रूपमा खर्च गरे वा गरेनन भन्ने अनुगमन गर्न सक्छ। साथै, ब्यबसायिक सामाजिक जिम्मेवारी प्रभावकारी प्रयोगको अनुगमन गर्नको लागि सीएसआर लेखापरीक्षण सुरु गर्न सकिन्छ।

## ५.१०.संघिय सरकारसँग विरोधाभास

वि.स. २०७२ सालमा नेपालमा नया संबिधान जारि भए सँगै संघियता आयो र तीन तहको सरकार स्थापना भई शक्तिको बाँडफाँड भयो। विभिन्न क्षेत्रका लागि अनुकूल वातावरण सिर्जना गर्ने उद्देश्यले संघीयता ल्याइए पनि यी तीन तहका सरकार र उद्योगसँग सम्बन्धित अन्य निकायबीच आवश्यक समन्वय नहुँदा औद्योगिक क्षेत्रका लागि यो प्रभावकारी हुन सकेको छैन। औद्योगिक व्यबसाय ऐनको मस्यौदामा विभिन्न सरोकारवाला र संघीय संसदसँग पनि छलफल हुन नसकेकोले संघीय र प्रदेश ऐनमा अन्तरविरोध उत्पन्न भएको छ।

गण्डकी प्रदेश सभाले २०७५ मा प्रदेश औद्योगिक व्यबसाय ऐन जारी गरेको थियो। त्यसैगरी प्रतिनिधी सभाले २०७६ मा औद्योगिक व्यवसाय ऐनजारी गरेपश्चात यी दुई ऐनका झण्डै ३५ वटा प्रावधानहरु बाझिएका छन्। प्रमुख विरोधाभासी प्रावधानहरु यस प्रकार छन्:

| क.स. | विषय | संघिय ऐन | प्रादेशिक ऐन |
|---|---|---|---|
| १. | उद्योगहरुको बर्गिकरण | दफा १७ को उपदफा १ ले<br>लघु उद्योगलाई<br>● घर र जग्गा बाहेक अधिकतम २० लाख पुँजी,<br>● वार्षिक कारोबार १ करोडभन्दा कम<br><br>घरेलु उद्योगलाई<br>● परम्परागत शिप प्रविधिमा आधारित<br>● बढीमा ५० किलोवाट सम्मको क्षमताको बिधुतिय उर्जाको प्रयोग<br><br>साना उद्योगलाई<br>● लघु र घरेलु बाहेकका १५ करोड सम्म स्थिर पुँजी<br><br>मझौला उद्योगलाई<br>● १५ करोड रुपैया भन्दा बढि ५० करोड रुपैया सम्म स्थिर पुँजी<br><br>ठूला उद्योगलाई<br>● ५० करोडभन्दा बढी स्थिर पुँजी भएका उद्योग को रुपमा परिभाषित गरेको छ। | दफा १५ को उपदफा १ ले<br>लघु उद्योगलाई<br>● घर र जग्गा बाहेक अधिकतम ५ लाख पुँजी,<br>● वार्षिक कारोबार ५० लाख भन्दा कम<br><br>घरेलु उद्योगलाई<br>● परम्परागत शिप प्रविधिमा आधारित<br>● बढीमा १० किलोवाट सम्मको क्षमताको बिधुतिय उर्जाको प्रयोग<br><br>साना उद्योगलाई<br>● लघु र घरेलु बाहेकका १० करोड सम्म स्थिर पुँजी<br><br>मझौला उद्योगलाई<br>● १० करोडरुपैया भन्दा बढि २५ करोड रुपैया सम्म स्थिर पुँजी<br><br>ठूला उद्योगलाई<br>● २५ करोडभन्दा बढी स्थिर पुँजी भएका उद्योग को रुपमा परिभाषित गरेको छ। |

| | | | |
|---|---|---|---|
| २. | निर्यातमूलक उद्योगको परिभाषा | दफा २ को उपदफा झ ले निर्यातमूलक उद्योग लाइ "उर्जामुलक उद्योग बाहेक आफ्नो उत्पादनको कम्तिमा चालिस प्रतिशत भन्दा बढि निर्यात गर्ने उद्योग भनेर परिभाषित गरेको छ। | दफा २ को उपदफा ञ ले निर्यातमूलक उद्योग लाइ "आफ्नो उत्पादनको कम्तिमा साठी प्रतिशत भन्दा बढि निर्यात गर्ने उद्योग भनेर परिभाषित गरेको छ। |
| ३. | औद्योगिक प्रवर्द्धन बोर्ड/समिति | दफा २३ को उपदफा १ मा प्रदेशमा दर्ता भई संचालन हुने उद्योगमा लगानी प्रवर्द्धन गर्न प्रदेश कानुन बमोजिम एक प्रदेश औद्योगिक प्रवर्द्धन बोर्ड गठन गर्न सकिने व्यवस्था गरेको छ। | दफा २३ मा उद्योगको स्थापना, लगानी अभिवृद्धि, प्रवर्द्धन, संरक्षण र विस्तार गरि औधोगिकिकरण्लाइ तिब्रता दिने सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्न देहाए बमोजिमको एक औद्योगिक प्रवर्द्धन समिति रहने व्यवस्था गरेको छ। |
| ४. | उद्यमको प्रमाणपत्र | ऐनको दफा ५ को उपदफा १ बमोजिम सबै कागजात पूरा भएमा उद्योग दर्ता गर्ने निकायले उद्योग दर्ता गरी कागजात पाएको ५ दिनभित्र उद्योग दर्ताको प्रमाणपत्र जारी गर्नुपर्नेछ। | ऐनको दफा ५ को उपदफा १ बमोजिम कागजपत्र पूरा भएमा उद्योग दर्ता गर्ने निकायले कागजपत्र प्राप्त भएको ७ दिनभित्र उद्योग दर्ता गरी उद्योग दर्ताको प्रमाणपत्र जारी गर्नुपर्नेछ। |
| ५. | उद्योग बन्द गरेमा | ऐनको दफा १४ मा उद्योगीले कुनै कारणबस उद्योग बन्द गरेमा वा उद्योगको ब्यबसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले ३० दिनभित्र त्यसको जानकारी उद्योग दर्ता निकायलाई दिनुपर्ने उल्लेख छ। | ऐनको दफा १२ मा उद्योगीले कुनै कारणबस उद्योग बन्द गरेमा वा उद्योगको ब्यबसायिक उत्पादन वा कारोबार स्थगन गरेमा त्यसरी बन्द वा स्थगन गरेको मितिले १५ दिनभित्र त्यसको जानकारी उद्योग दर्ता निकायलाई दिनुपर्ने उल्लेख छ। |

| | | | |
|---|---|---|---|
| ६. | जरिवाना सम्बन्धी व्यवस्था | ऐनको दफा ४३ मा जरिवानाको व्यवस्था छ जसमा दर्ता नगरी उद्योग सञ्चालन गरेमा लघु उद्योगलाई ५ हजार, घरेलु तथा साना उद्योगलाई २५ हजार, मझौला उद्योगलाई ५० हजार र ठूला उद्योगलाई १ लाख जरिवाना हुने उल्लेख छ। | ऐनको दफा २८ मा जरिवानाको व्यवस्था छ जसमा दर्ता नगरी उद्योग सञ्चालन गरेमा लघु उद्योगलाई १० हजारदेखि २५ हजार, घरेलु तथा साना उद्योगलाई २५ हजारदेखि १ लाख रुपैयाँ र मझौला र ठूला उद्योगलाई १ लाख देखि ३ लाख रुपैयाँ जरिवाना हुने उल्लेख छ। |

**सुझावहरु**

नेपालको संविधानको धारा १ मा 'संघीय सरकारको कानूनसँग बाझिने कुनै पनि कानून मान्य हुने छैन' भन्ने प्रावधान रहेको छ। तसर्थ गण्डकी प्रदेशको प्रदेश औद्योगिक व्यबसाय ऐन २०७५ लाई संसोधन गर्नुको विकल्प छैन। ऐन संसोधन गर्दा उद्योगको वर्गिकरण र उद्यमको जरिवानामा प्रदेश र संघीय स्तरमा एकरूपताका साथै संघ र प्रदेश बीचको सहकार्यमा ध्यान दिनु जरुरि छ।

## ५.११ महिला तथा पिछडिएका वर्गका उद्यमीलाई प्रोत्साहन गर्ने प्रावधान नहुनु

सीपमुलक तालिमको अभाव, बालबालिकाको हेरचाह जिम्मेवारी, गतिशीलतामा प्रतिबन्ध, सम्पत्ति र वित्तमा सीमित पहुँच, लैङ्गिक हिंसा र कानुनी अवरोध जस्ता विभिन्न करणहरूले महिलाको आर्थिक सशक्तिकरणमा बाधा पुऱ्याइरहेका छन्। विश्वव्यापी रूपमा महिलाहरूले बेतलबी काममा धेरै समय खर्च गर्ने गरेको तथ्यांकले बताउछ भने महिलाहरुको स्वामित्वमा भएका साना तथा घरेलु उद्योगहरूले पुरुषको स्वामित्वमा भएका उद्योगहरूको तुलनामा ठूलो वित्तीय अभावको सामना गर्छन्। (विश्व वैंक, २०२०)

केन्द्रीय तथ्यांक ब्यूरो (सीबीएस) का अनुसार नेपालका कुल उद्यमहरु मध्ये २९ दशमलव ८ प्रतिशत अर्थात दुई लाख ४७ हजार ८८० उद्यमहरु मात्र महिलाको स्वामित्वमा छन्। नेपाली महिलाको कुल जनसंख्या र नेपालमा रहेका समग्र उद्योग मध्ये महिलाको स्वामित्वमा रहेका उद्योगहरुको अनुपात हेर्ने हो भने अझै पनि महिलाहरुको उद्यमशीलता बिकासका निम्ती आवश्यक प्रयासहरु नभएको देखिन्छ। महिलाहरुलाई उद्योग स्थापना गर्न प्रोत्साहन गर्ने खालका प्रावधानहरु भएमा मात्र महिला हरुको स्वामित्वमा रहेका उद्योगको संख्या बढ्नुका साथै समग्र प्रदेशको अर्थतन्त्रमा महिला र पुरुष दुवैको बराबर योगदान पुग्न जान्छ।

उद्यमशीलता चरम गरिबीमा बाँचिरहेका पिछडिएका वर्गका महिलाहरूको आर्थिक र सामाजिक विकासमा सहयोग गर्ने माध्यम भएकाले उनिहरुलाई उद्यमशील बनाउनका निम्ति आइपर्ने अवरोधहरू हटाएर उनीहरुलाई आफ्नै क्षमताका आधारमा आय आर्जन गर्ने वातावरण सृजना गर्नु जरुरि छ। जब उनिहरु आर्थिक रुपमा सबल हुन्छन तब मात्र आफ्नो स्वतन्त्रताको वकालत गर्न र आफ्नो सामाजिक भूमिका लाइ सफल रुपमा निभाउन सक्षम हुन्छन। यस ऐनमा महिला तथा पिछडिएका वर्गका उद्यमीलाई प्रोत्साहन गर्ने कुनै पनि प्राबधान छैन।

### सुझावहरु

महिला उद्यमशीलतालाई समर्थन गर्नका निम्ति सरकारको पहिलो कदम भनेको महिलाको स्वामित्वमा रहेका उद्यमहरूलाई अनुदान दिने र साना तथा हस्तकला उद्योगहरूको दर्ता शुल्क मिनाहा गर्नसक्छ। साना तथा घरेलु उद्योगका उत्पादन प्रवर्द्धनका लागि निःशुल्क प्रदर्शनी हलको व्यवस्था गर्ने, बजारमा स्वदेशमै उत्पादन भएका वस्तुहरुलाई बढि प्राथमिकतामा राखी विदेशबाट आउने त्यस्तै प्रकृतिका वस्तुको आयातमा अन्तर्राष्ट्रिय कानुनी दायरा भित्र रही कर लागएर स्वदेशी उत्पादनलाई थप प्रोत्साहन गर्न सकिन्छ। बिशेष गरेर महिला तथा पिछडिएका बर्गमा सीप विकास, व्यावसायिक शिक्षा, बजार र सूचनामा पहुँच, उत्पादनशील सम्पत्तिहरूको स्वामित्व र नियन्त्रणमा पिछडिएका वर्ग र महिलाहरूको पहुँच, वित्तीय संरक्षण र जोखिम न्यूनीकरणमा सरकारले ध्यान दिन सकेमा उनीहरुको आर्थिक सशक्तिकरणमा ठुलो टेवा पुग्न सक्छ।

# अनुसुची

## अनुसुची १

प्रदेश औद्योगिक व्यबसाय ऐन २०७५ को समीक्षा सम्बन्धी परामर्श बैठकमा सहभागीहरूको नामावली:

| क.स. | नाम | संस्था |
|---|---|---|
| 1. | माननीय धनन्जय दवाडी | प्रदेश सभा, गण्डकी प्रदेश (विधायन समिति) |
| 2. | नारायण आचार्य | उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, पोखरा |
| 3. | अर्जुन पोखरेल | पोखरा उद्योग बाणिज्य संघ |
| 4. | अशोक खड्का | ग्यान फूड एंड बेभरेज प्रा लि |
| 5. | बाबुराम गीरी | नेपाल उद्योग बाणिज्य महासंघ |
| 6. | बलराम आचार्य | पोखरा उद्योग बाणिज्य संघ |
| 7. | बसन्त लिगल | पोखरा डिज्नी फन पार्क |
| 8. | बिबेक श्रेष्ठ | नेपाली युवा उद्यमी मञ्च |
| 9. | बिनोद शर्मा न्यौपाने | गण्डकी प्रदेश उद्योग परिसंघ |
| 10. | छात्रधर आत्रेय | लेखनाथ उद्योग बाणिज्य संघ |
| 11. | दिनेश बास्तोला | पोखरा उद्योग बाणिज्य संघ |
| 12. | दिपेन्द्र बस्ताकोटी | पोखरा औधोगिक क्षेत्र उद्योग संघ |
| 13. | फडिन्द्र राज शर्मा | पोखरा औधोगिक क्षेत्र उद्योग संघ |
| 14. | गोकर्ण कार्की | पोखरा औधोगिक क्षेत्र उद्योग संघ |
| 15. | लक्ष्मण सुबेदी | पश्चिमान्चल होटल संघ |
| 16. | नवराज आचार्य | पोखरा बाणिज्य संघ कास्की |
| 17. | पुष्प राज बराल | पोखरा रिसर्च सेन्टर |
| 18. | रुद्र लाल श्रेष्ठ | पोखरा औधोगिक क्षेत्र उद्योग संघ |
| 19. | सुरेन्द्र गोदार | पोखरा औधोगिक क्षेत्र उद्योग संघ |

| | | |
|---|---|---|
| 20. | सुरेश दाहाल | पोखरा बाणिज्य संघ कास्की |
| 21. | सुरेश श्रेष्ठ | पोखरा औधोगिक क्षेत्र उद्योग संघ |
| 22. | सुर्य बराल | बराल फिड इन्डस्ट्रिज |
| 23. | सुशील राज पौडेल | ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल |
| 24. | सुयश मल्ल | नेपाली युवा उद्यमी मञ्च |
| 25. | उमराज बास्तोला | पोखरा बाणिज्य संघ कास्की |
| 26. | अर्पना पोखरेल | पोखरा औधोगिक क्षेत्र उद्योग संघ |
| 27. | मुना कुमारी बास्तोला | पोखरा उद्योग बाणिज्य संघ |
| 28. | पार्वती पाण्डे | पश्चिमान्चल होटल संघ |
| 29. | रामकली खड्का | महिला सिप बिकास केन्द्र |
| 30. | धर्मराज पन्थी | ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल |
| 31. | आशिष पुरी | प्रेश |
| 32. | तिर्थ राज सुबेदी | ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल |
| 33. | बिनोद श्रेष्ठ | लेखनाथ उद्योग बाणिज्य संघ |
| 34. | राजेन्द्र ओझा | लेखनाथ उद्योग बाणिज्य संघ |
| 35. | ग्रिष्म राज बस्ताकोटी | पन्चकन्या मेटल प्रा लि |
| 36. | जानुका पराजुली | लेखनाथ उद्योग बाणिज्य संघ |
| 37. | ज्ञान बहादुर नेपाली | पोखरा बाणिज्य संघ कास्की |
| 38. | लक्ष्मी कोइराला | ट्रेकिङ एजेन्सी एसोसिएसन अफ नेपाल |
| 39. | गोविन्द प्रसाद घिमीरे | गण्डकी प्रदेश उद्योग परिसंघ |

# स्रोत सामाग्री

Province Industrial Enterprise Act, 2019 Gandaki Province retrieved from https://molcpa.gandaki.gov.np/list/act/province-industrial-business-act-2075

Industrial Enterprise Act, 2020 retrieved from https://moics.gov.np/uploads/shares/laws/Industrial%20Enterprises%20Act%20%202020.pdf

Pandey, Kul Prasad; Acharya, Samriddhi; Singh, Anuj (2020). *Industrial Enterprise Act Policy Brief*; Samriddhi Foundation, Kathmandu, January 2020.

Annual Report of Legislative Committee, Gandaki Province Assembly retrieved from http://pradeshsabha.gandaki.gov.np/committeess/legislation-committee

Honen, Paul (2007). *Corporate Social Responsibility, A Guide to Businesses*; International Institute for Sustainable Development, Manitoba, Canada 2007.

*Women Owned SMEs, A Business Opportunity for Financial Institutions*; International Finance Corporation, USA, 2014.

*New Industrial Enterprises Act should promote investment: Stakeholders*; The Himalayan Times, January 2019.
Sharma, Bhawana (2018). Empowering Women Through Entrepreneurship in Nepal; The Asia Dialogue, August 2018.

Davis, Marc (2021). *Government Regulations Do They Help Businesses*; Investopedia, November 2021.

Khatiwada, Yubaraj; Acharya, Meena; Aryal, Shankar (2003). *Structural Adjustment Policies and Poverty Eradication*; Institute for Integrated Development Studies (IIDS), Kathmandu, September 2003.

Rodrik, Dani (2004). *Industrial Policy for the Twenty-First Century*; UNIDO, September 2004.

Triana, Maria (2017). *Set Up to Fail: Explaining When Women Led Businesses are More Likely to Fail*; The Journal of Management, January 2017.

## पोखरा रिसर्च सेन्टरः परिचय

पोखरा रिसर्च सेन्टर (PRC) पोखरालाई मुख्य कार्यक्षेत्र बनाएर काम गरिरहेको एक स्वतन्त्र, गैर राजनैतिक, गैर नाफामूलक, अनुसन्धानमा आधारित संस्था हो । सन् २०१९ मा स्थापित पोखरा रिसर्च सेन्टर, सार्वजनिक नीति अनुसन्धानको सामाजिक तथा आर्थिक आयाममा केन्द्रित छ।

“सुशासन र आर्थिक स्वतन्त्रता” को आदर्श द्वारा निर्देशित, यस संस्थाले व्यक्तिगत छनौट र स्वतन्त्रताको सिद्धान्तको पालन गरीरहेको छ भने उद्यमको समान अवसर, विधिको शासन र स्वतन्त्र अभिव्यक्तिको लोकतान्त्रिक सिद्धान्तलाई आफ्ना कार्यक्रमहरुमा राख्ने प्रयत्न समेत गरिरहेको छ । यस संस्थाले नीतिगत सुधारको माध्यमबाट प्रदेश स्तरमा सकारात्मक प्रभाव पार्ने तीन कार्यात्मक क्षेत्रहरु, अनुसन्धान, प्रशिक्षण र पैरवी अन्तर्गत काम गरिरहेको छ।

हालसम्म यस संस्थाले कोभिड १९ का कारण नेपालका साना तथा मझौला उद्योगमा पर्न गएको प्रभाव, सार्वजनिक सौचालय मैत्री सहर पोखरा, गण्डकी प्रदेशमा होमस्टे पर्यटन, स्मार्ट सिटि, पोखरामा पार्किंग, गण्डकी प्रदेशको प्रदेश औधोगिक ब्यबसाय ऐन, २०७५ मा नीति विवरण लगायतका विषयमा अनुसन्धानपत्रहरु प्रकाशित गरिसकेको छ। साथै नियमित रुपमा उद्यमशीलता, आर्थिक नीति सुधार आदि बिभिन्न समसामयिक विषयहरुमा लेखहरु पनि निकाल्ने गरेको छ ।

पोखरा रिसर्च सेन्टरको हाल संचालनमा रहिरहेका कार्यक्रमहरु मध्य युथ इन पोलिसी एण्ड गर्भनेन्स (वाई. पि. जी. फेलोसिप) कार्यक्रमले गण्डकी प्रदेशका युवाहरुलाई नीति निमार्ताहरुसँग रहि कानुन निर्माण तथा सार्वजनिक नीतिमा ज्ञान हासिल गर्न सहयोग गरिरहेको छ साथै यस संस्थाले स्वतन्त्र बजार, उद्यमशीलता र आर्थिक स्वतन्त्रता का क्षेत्रमा पनि युवा हरुलाई लक्षित गरेर विभिन्न प्रशिक्षण कार्यक्रमहरु गरीरहेको छ। त्यसै गरी गण्डकी डिस्कोर्स, राजनीतिक आर्थिक चर्चा श्रृंखला (PEDS), र गण्डकी लिडर्स सर्कल (GLC) समेत गठन गरी राष्ट्रियस्तरको नीति अध्ययन संस्थानको रूपमा स्थापित हुने लक्ष्यका साथ अगाडी बढिरहेको छ।

POKHARA
RESEARCH CENTRE

महाकालेश्वर मार्ग पोखरा ११, कास्की, गण्डकी प्रदेश, नेपाल
फोनः (९७७)-६१-५८७१११
इमेलः centre.pokhara@gmail.com
वेबसाइटः www.pokharacentre.org